## श्री हरियाली सामुदायिक वन उपभोक्ता समुह

गैंडाकोट १८, नवलपरासी (व.सु.पुर्व)

### काठ/दाउरा बोलपत्रद्वारा लिलामविक्रि सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/११)

यस सामुदयिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रबाट आ.व. २०८१।०८२ मा उत्पादन भई समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटकको लागी यो सुचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सुचिकृत/अद्यावधिक भइ प्रचलित कानुन बमोजिम काठ,दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्यक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र सामुदायिक वन समूहको कार्यालय वा डिभिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**१. लिलाम बिक्री हुने वन पैदावरको विवरण :**

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यु.फि.) | प्रति ईकाई न्युनतम मुल्य रु. | मुल्यांकन रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | ए | ४ | ५५.२१ | १,२५०।- | ६९,०१२.५ | ३,२५९१२.६ ।- | |
| | | गोलिया | बी | १३ | १०४.६ | ९००।- | ९४,१४० | | |
| | | गोलिया | सी | २६ | १२०.४ | ६००।- | ७२,२४० | | |
| | साल | चिरान | | १७१ | २८४.९ चिरानको गोलिया ३९८.८६ | १,२५०।- | ४,९८,५७५ | | |
| | सान्दन | चिरान | | ५ | १०.३३ चिरानको गोलिया १४.४६ | ३००।- | ४,३३८ | | |
| | साल | बाकल | | | १०७ क्वीन्टल | ५।- | ५३,५०० | | |
| | साल | दाउरा | | | २ चट्टा | १२,०००।- | २४,००० | | |
| | | **जम्मा** | | | | | ८,१५,८०५.५।- | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८१/१२/३१ गते कार्यालय समय सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२/०१/२ गते, दिनको ४ :०० बजे सम्म । बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्रसाथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक शाखा गैंडाकोटमा रहेको खाता नं. ३३५०१०००००७०६००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टि समावेश हुनु पर्नेछ । बोलपत्रको लागि रु १०००।- को दरले पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावर यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिन्छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसस्था, फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदा प्रमाणपत्रको प्रतिलिपि बोलपत्रका साथ पेश गर्नुपर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नविकरण भएको हुनु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्याका र रित पुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१/४ गते दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन बिदा परे सो को भोलि पल्ट खोलिनेछ ।

८. वन पैदावर कटान मुछान गर्दा लागेको खर्च घाटगद्दी सम्मको ढुवानी र पाईलिङ बापतको सबै संकलन खर्च छुट्टै बुझाउनु पर्ने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैचालिस) दिन भित्र सकार रकम, कटान मुछान खर्च तथा यिमानुसार लाग्ने करहरु समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावर तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र साकार गरिएको रकम अंक र अक्षरमा दवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहको कार्य समितीमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।